# जोरायल राजपत्र

## जोरायल गाउँपालिकाद्वारा प्रकाशित

खण्ड १ संख्या 8 मितिः 2074 भदौ 16

### भाग- २

### जोरायल गाउँपालिकाको सूचना

स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 102 उपदफा (3) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छः

**न्यायिक समितिको गठन कार्यविधि, २०७४**

## जोरायल गाउँपालिका न्यायिक समितिको गठन कार्यविधि, २०७४

**जोरायल गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मिति २०७५।०५।१५**

**प्रस्तावना**

नेपालको संविधान २०७२ को धारा २१७ ले गरेको व्यवस्था अनुसार कानुन बमोजिम आफ्नो अधिकार क्षेत्र भित्रका विवाद निरुपण गर्ने उद्देश्यबाट जोरायल गाउँपालिका डोटीको गाउँ कार्यपालिकाले न्यायिक समितिको गठन कार्यविधि २०७४ तर्जुमा गरी पारित गरेको छ।

### परिच्छेद– १

### नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "जोरायल गाउँपालिकाको न्यायिक समिति गठन सम्बन्धी कार्यविधि, २०७४" रहेको छ।

(२) यो कार्यविधि जोरायल गाउँपालिकाको गाउँसभाबाट पारित भएपछि प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:–

(क) "संविधान" भन्नाले नेपालको संविधान २०७२ लाई सम्झिनु पर्छ।

(ख) "गाउँपालिका" भन्नाले संविधानको धारा ५६ को उपधारा ४ बमोजिमको गाउँपालिका सम्झनु पर्छ।

(ग) "कार्यविधि" भन्नाले जोरायल गाउँपालिका डोटीको न्यायिक समितिसम्बन्धी कार्यविधि २०७४ सम्झनुपर्छ।

(घ) "संयोजक" भन्नाले यस कार्यविधिको नियम बमोजिम संयोजकलाई सम्झनुपर्दछ।

(ङ) "न्यायिक समिति" भन्नाले जोरायल गाउँपालिका डोटीको न्यायिक समिति सम्झनुपर्छ।

## परिच्छेद– २
## न्यायिक समितिको गठन

**३.** (१) नेपालको संविधान २०७२ ले व्यवस्था अनुसार कानुन बमोजिम आफ्नो अधिकार क्षेत्र भित्रका विवाद निरुपण गर्न न्यायिक समिति गठन गरिएको छ ।

(२) न्यायिक समितिमा निम्नानुसारका पदाधिकारीहरु रहने छन।

(क) गाउँपालिकाको उपाध्यक्ष - संयोजक

(ख) गाउँसभाबाट आफुमध्येबाट निर्वाचित गरेका -२ जना सदस्य

उपनियम (२) बमोजिम गठित समितिले आवश्यक ठानेमा सम्बन्धित विषयको विशेषज्ञलाई समेत आमन्त्रण गर्न सक्नेछ ।

**४. न्यायिक समितिको काम कर्तव्य र अधिकारः**

(१) प्रचलित कानुनले तोकिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) गाउँपालिका क्षेत्र भित्रबाट पर्न आएका उजुरी एवं विवादलाई दर्ता गर्ने व्यवस्था मिलाउने।

(ख) आफ्नो अधिकार क्षेत्र भित्र रहेका विवादित विषय समितिको बैठकमा छलफल गराई आवश्यक देखिएमा मेलमिलापका लागि मध्यस्तता समितिसमक्ष पठाउन सक्नेछ र

(ग) समितिबाट भएको निर्णयको अभिलेखीकरण गराई सुरक्षित राख्न लगाउने।

(घ) समितिले आवश्यक ठानेमा विवादका पक्षहरुलाई उपस्थित गराई प्रचलित कानुन बमोजिम कार्यविधि बनाई विवादको निरुपण गर्ने।

(ङ) मध्यस्तता समितिको गठन अनुसूची १ बमोजिम हुनेछ।

५. **समितिको बैटक बस्ने स्थानः** समितिको बैठक बस्ने स्थान जोरायल गाउँपालिकाको कार्यालयमा हुनेछ।

**६. बैठकको सूचनाः** (१) न्यायिक समितिले बैठकको सूचना दिने एवं अन्य प्रशासनिक कार्यका लागि एकजना कर्मचारी तोक्न सक्नेछ।

(२) न्यायिक समिति वा संयोजकको निर्देशन अनुसार उपदफा १ बमोजिम तोकिएको व्यक्तिले बैठकको सूचना समितिका सदस्य, आमन्त्रित पदाधिकारी एवं बैठकमा बोलाउनु पर्ने अन्य व्यक्तिलाई दिनु पर्नेछ।

**७. बैठकको गणपुरक संख्याः** (१)न्यायिक समितिका सदस्यहरुमध्ये कम्तिमा ७५ प्रतिशत सदस्यहरु स्वयं उपस्थित नभई बैठक बस्न सक्ने छैन।

(२) अघिल्लोपटक बोलाइएको बैठकमा गणपुरक संख्या पर्याप्त नभएकोले बैठक स्थगित भएमा उक्त बैठकका लागि पेश भएको एजेण्डामा छलफल गरी निर्णय गर्नका लागि पछिल्लो पटक ५१ प्रतिशत उपस्थित भएमा बैठक बस्न सक्नेछ।

**८. बैठकमा छलफलका विषय प्रस्तुत गर्ने विधिः**

(क) जोरायल गाउँपालिकाको कार्यालय भित्र पर्न आएका उजुरी एवं विवाद लगायतको विषय जोरायल गाउँपालिकाको दर्ता भई समिति समक्ष पेश हुनेछ।

(ख) समिति समक्ष पेश भएको उजुरी एवं विवादको विषयमा सबै सदस्यहरुले आ-आफ्नो विचार एवं मत राख्न पाउनेछन्।

(ग) बैठकमा एउटाले मत वा विचार राखे पछि अर्को सदस्य मत राख्न पाउने छ।

(घ) बैठकमा आमन्त्रित सदस्य एवं विशेषज्ञले आफ्नो राय प्रस्तुत गर्न सक्नेछ।

(ङ) बैठकमा पेश गरिएको उजुरी एवं विवादका विषयमा प्रर्याप्त विचार एवं छलफल भई उचित निर्णय हुन सक्ने वातावरण बैठकमा संयोजकले मिलाउनु पर्नेछ।

**९. निर्णय प्रकृयाः** (१) बैठकमा प्रस्तुत विषयमा छलफल सम्पन्न भएपछि सो विषयमा के निर्णय गर्ने निर्णयार्थ संयोजकले प्रस्तु गर्नेछ।

(२) समितिको सदस्यहरुको बहुमतद्वारा पारित निर्णय नै बैठकको निर्णय हुनेछ।

(३) बहुमतद्वारा पारित निर्णयमा कसैको फरक मत भएमा त्यस्तो सदस्यले फरक मत राख्न सक्नेछ।

**१०. निर्णयको अभिलेखः** (१) बैठकबाट पारित निर्णयको अभिलेख गर्न एक छुट्टै निर्णय पुस्तिकाको व्यवस्था गरिनेछ।

(२) बैठकबाट पारित भएका सबै निर्णयहरु निर्णय पुस्तिकामा अभिलेख राखी अभिलेखबद्ध बनाउनु पर्नेछ।

(३) निर्णय अभिलेख गरिएको निर्णय पुस्तिकाको बन्द बन्दमा सदस्यहरुको हस्ताक्षर गराउनु पर्नेछ ।

(४) निर्णय पुस्तिकाको अभिलेख कार्यालयमा रहनेछ ।

**११. निर्णयको प्रभाणिकरण**ः (१) समितिबाट भएको निर्णयको प्रमाणिकरण संयोजकले गर्नुपर्नेछ ।

**१२. गोप्य राख्नुपर्ने**ः (१) न्यायिक समितिमा भएको छलफलमा संयोजक सदस्य वा आमन्त्रित व्यक्तिले समितिको हित र उचित निर्णयमा पुग्न दिएको राय र विचारलाई कसैले प्रकाशनमा ल्याउनु हुँदैन ।

**१३. बैठक भत्ता**ः (१) न्यायिक समितिमा भाग लिएवापत संयोजक, सदस्य र आमन्त्रित सदस्यले पाउने बैठक भत्ता गाउँकार्यपालिकाले तोके अनुसार हुनेछ ।

(२) प्रचलित कानुनबमोजिम करकट्टी गरी बैठक भत्ता भुक्तानी गरिनेछ ।

**१४. आमन्त्रित**ः न्यायिक समितिको संयोजकले बैठकले बैठकको लागि आवश्यक ठानेको व्यक्ति, कर्मचारी वा कुनै पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ ।

## परिच्छेद– ३

**१५.** (१) कुनै कारणले न्यायिक समितिका संयोजक वा सदस्यहरुको स्थान रिक्त रहेमा अर्को व्यवस्था नभएसम्मको लागि गाउँसभाले तोकिएका व्यक्ति न्यायिक समितिका संयोजक एवं सदस्य रहनेछ ।

(२) न्यायिक समितिको रिक्त पदाधिकारीको पदपूर्ती भएपछि उपनियम १ बमोजिम तोकिएको व्यक्ति न्यायिक समितिको संयोजक एवं सदस्यबाट स्वतः हट्नेछ ।

## परिच्छेद– ४

**१६. संशोधन गर्ने अधिकार**ः (१) समय सापेक्षित गाउसभाले यो कार्यविधि संशोधन आवश्यक ठानेमा

(२) कार्यविधि संशोधन गर्न आवश्यक भएमा न्यायिक समितिले निर्णय गरी संशोधन गर्ने कारण सहित उपनियम (१) बमोजिम गाउँसभासमक्ष विशेष प्रस्ताव पेश गर्नुपर्नेछ ।

(३) उपनियम (१) बमोजिमको निकायको दुई तिहाई बहुमतद्वारा कार्यविधि संशोधनको विशेष प्रस्ताव पास गरी कार्यविधि संशोधन गर्न सकिनेछ।

**१७.** न्यायिक समितिले आफुले गरेको काम कारवाहिको बार्षिक प्रतिवेदन गाउँसभा समक्ष पेश गर्नुपर्नेछ।

**१८.** थपघट वा हेरफेरः यस कार्यविधि कार्यान्वयनका क्रममा बाधा अवरोध वा अस्पष्टता आएमा त्यस्तो बाधा अड्चन फुकाउने प्रयोजनका निम्ति गाउँसभाले यस कार्यविधिमा आवश्यकता अनुसार ब्याख्या गर्न सक्नेछ।

**१९.** यस कार्यविधिका कुनै प्रावधानहरु संविधान वा प्रचलित कानुनसँग बाँझिन गएमा बाँझिएको हद सम्म अमान्य हुनेछ।

**२०.** आफ्नो अधिकार क्षेत्र भित्रको विवाद हो वा होइन भन्ने विवाद उत्पन्न भएमा गाउँसभाले सो को एकिन गर्नेछ।

## अनुसूची १
## नियम ४ (१) संग सम्बन्धित

क) प्रचलित कानुन बमोजिम पेश भएको विवादको सुरु कारवाही प्रचलित कानुन बमोजिम पेश भएको विवाद सुरु कारवाही र किनारा गर्ने प्रयोजनका लागि गाउँपालिकाले स्थानीय व्यक्ति एवं सामाजिक कार्यकर्ता मध्येबाट उपयुक्त देखिएका व्यक्तिहरुको सहमति लिई कम्तीमा तीन जनाको नाम थर, वतन समेत खुलाई मध्यस्तता सूची तयार गरी सार्वजनिक गर्नेछ ।

ख) विवादका पक्ष र विपक्षीले चाहेमा आफ्नो तर्फबाट दुईदुई जना व्यक्ति नियुक्त गर्न सक्नेछ ।

..........................

प्रमाणिकरण मितिः-२०७५/०५/१६